"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

## प्रेस विज्ञप्ति

मिति: २०७९।०२।०८

१. रसिया र युक्रेन बिचको युद्धको कारणले अन्तर्राष्ट्रिय बजारमा प्रशोधित तेलको मूल्य निरन्तर बढ्दै गएको परिस्थितिमा मे १६, २०२२ (जेठ ०२, २०७९) मा प्राप्त नयाँ खरिद लागत मूल्य र मिति २०७९।०१।३१ मा केही मूल्य समायोजन गरेपछिको अवस्थामा निगमलाई अझैपनि प्रति लिटर पेट्रोलमा रु.२२।९४, डिजेलमा रु.३५।३३ घाटा, मट्टितेलमा रू. १२।६४, हवाई इन्धन (आन्तरिक) मा रू. ५।४५ नाफा, हवाई इन्धन (बाह्य) मा रू.६०।०१ नाफा र एल. पि. ग्यासमा प्रति सिलिन्डर रू.१,०५०।१८ घाटा भई समग्रमा १५ दिनमा करीब रू.४ अर्ब ४९ करोड घाटा हुने स्थिति रहेको थियो ।

२. इण्डियन आयल कर्पोरेशनलाई पेट्रोलियम पदार्थ खरिद बापत मे महिनामा रू. ४३ अर्ब भुक्तानी गर्नुपर्नेमा जम्मा रू. २० अर्ब ६० करोड मात्र बिक्रीबाट संकलित रकमबाट भुक्तानी पठाइएको र तिर्न बाँकी रू. २२ अर्ब ४० करोड हाल बक्यौता कायम हुन पुगेको छ । बढ्दो घाटा व्यवस्थापन गर्न यसअघि नै संचित मुनाफा, मूल्य स्थिरिकरण तथा अन्य कोषहरुमा रहेको सम्पूर्ण रकमहरु सकिई चालु आर्थिक बर्षमा निगमलाई करिब ४७ अर्ब रुपैंया समेत नोक्सानी भैसकेको छ । पेट्रोलियम पदार्थको आपूर्ति तथा विक्री वितरण सहज बनाई राख्न पूर्ण रुपले लागत मूल्यमा नै विक्री गर्नुपर्ने दवाब निगमलाई पछिल्ला केही महिनादेखि पर्दै आइरहेको छ।

३. आज मिति २०७९।०२।०८ को राती १२:०० बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको साविकको खुद्रा विक्री मूल्यमा प्रतिलिटर रू. १० ले वृद्धि गरी पेट्रोल, डिजल र मट्टितेलको नयाँ खुद्रा विक्री मूल्य (देशैभर निगमको डिपो परिसरबाट १५ कि. मि. सम्म) क्रमशः प्रति लिटर रू. १८०, रू. १६३ र रू. १६३ तथा हवाई इन्धन (आन्तरिक) मा पनि प्रतिलिटर रू. १० ले वृद्धि गरी नयाँ खुद्रा विक्री मूल्य रू. १६६ प्रति लिटर कायम गरिएको छ । त्यसैगरी एल. पि. ग्यासमा प्रति सिलिण्डर रू. २०० ले वृद्धि गरी नयाँ विक्री मूल्य रू. १,८०० प्रति सिलिण्डर (देशैभर प्रत्येक एल. पि. ग्यास उद्योग परिसरबाट ५० किमि सम्म) कायम गरिएको छ । तोकिएको दूरीभन्दा बाहिर खुल्ला बजार नीति अनुरुप व्यवसायीहरुले नै प्रतिस्पर्धात्मक तवरबाट मूल्य कायम गर्नेछन् ।

४. यस मूल्य समायोजन पश्चात काठमाडौंसम्मको खरिद लागत तथा विक्री मूल्यका आधारमा निगमको समग्र नोक्सानीको अवस्था देहाय बमोजिम रहेको छ :-

| क.स. | पेट्रोलियम पदार्थ | जम्मा खरीद लागत (रू. प्रति लिटर) | विक्री मूल्य (रू. प्रति लिटर) | नाफा/घाटा (रू. प्रति लिटर) | १५ दिनको नाफा/घाटा (रू. करोडमा) |
|---|---|---|---|---|---|
| १. | पेट्रोल | १९४।६४ | १८०।०० | - १४।६४ | - ४९.९६ |
| २. | डिजेल | १८९।८२ | १६३।०० | - २६।८२ | - १६९.४८ |
| ३. | मट्टितेल | १४०।८९ | १६३।०० | २२।११ | १.३९ |
| ४. | हवाई इन्धन (आन्तरिक) | १५२।०२ | १६६।०० | १३।९८ | ३.६४ |
| ५. | हवाई इन्धन (बाह्य) | १३१।१९ | USD १.५४५ | ५९।८१ | २४.७९ |
| ६. | एल. पी. ग्यास (प्रति सिलिण्डर) | २,६७९।७५ | १,८००।०० | - ८७९।७५ | - १४६.२२ |
| समग्रमा १५ दिनको (पाक्षिक) अनुमानित जम्मा घाटा (रू. करोडमा) | | | | | - ३३५.८३ |

५. यस मूल्य समायोजन पश्चात पनि निगमलाई महिनामा एल. पि. ग्यासमा करिब रू. ३ अर्ब घाटा, डिजेलमा करिब रू. ३ अर्ब ४० करोड घाटा र पेट्रोलमा करिब रू. १ अर्ब घाटा रहने देखिएको छ।

६. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थहरुको प्रयोग सकेसम्म कम गरी विद्युत लगायतका स्वदेशी ऊर्जाको खपत बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरुले समेत मनन गर्नु हुनेछ भन्ने विश्वास निगमले लिएको छ ।

७. तसर्थ आपूर्ति तथा विक्री वितरण सहज बनाइ राख्न निगमले लागत मूल्यकै आधारमा पेट्रोल, डिजेल तथा एल. पि. ग्यास विक्री गर्नुपर्ने बाध्यता निगमको रहेकाले मूल्य समायोजनबाट उपभोक्तावर्गमा पर्न जाने असुविधा प्रति निगम क्षमा प्रार्थी छ।

धन्यवाद् ।

२०७९।२।८

(पुस्कर कार्की)

सह-प्रवक्ता